सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको )

# २०८१ कार्तिक १ गते देखि पौष मसान्तसम्म सम्पादित

# प्रमुख क्रियाकलापहरू

## (स्वतः प्रकाशन)

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बागलुङ
फोन नः ०६८-५२०२९०/५२०१३०
ईमेल\इमेलः akcbaglung77@gmail.com
वेबसाईटः baglung.akc.gov.np

२०८१ पौष

# स्वतः प्रकाशन


१ कृषि ज्ञान केन्द्रको पृष्ठभूमि ........ १

२ कृषि ज्ञान केन्द्रको कार्य विवरण ........ १

३ कृषि ज्ञान केन्द्रको संगठनात्मक ढाँचा एवमं दरबन्दी विवरण ........ ३

३.१ संगठनात्मक ढाँचा ........ ३

३.२ दरबन्दी विवरण ........ ४

४ कर्मचारीहरूको कार्यविवरण ........ ५

४.१ कार्यालय प्रमुख (९/१० औं ) पदको कार्यविवरण ........ ५

४.२ योजना शाखा ........ ५

४.२.१ कृषि अर्थ विज्ञ (७/८ औं, एग्री इको) पदको कार्यविवरण ........ ५

४.२.२ प्राविधिक सहायक/अधिकृत (५/६ औं, बाली संरक्षण) पदको कार्यविवरण ........ ६

४.३ विशेषज्ञ सेवा शाखा ........ ६

४.३.१ कृषि प्रसार अधिकृत (७ /८ औं) पदको कार्यविवरण ........ ६

४.३.२ बाली संरक्षण अधिकृत (७/८ औं, बाली संरक्षण) पदको कार्यविवरण ........ ७

४.३.३ प्राविधिक सहायक/अधिकृत (५/६ औं, बागवानी) पदको कार्यविवरण ........ ७

४.३.४ प्राविधिक सहायक/ अधिकृत (५/६ औं, माटो ) पदको कार्यविवरण ........ ७

४.४ प्रशासन शाखा ........ ७

४.४.१ लेखापाल/अधिकृत (५/६ औं, लेखा) पदको कार्यविवरण ........ ७

४.४.२ सहायक /अधिकृत (५/६ औं, सामन्य प्रशासन/ प्रशासन ) पदको कार्यविवरण ........ ८

५ कृषि ज्ञान केन्द्रबाट प्रदान गरिने सेवा ........ ९

६ कृषि ज्ञान केन्द्र, बागलुङको शाखा र जिम्मेवार अधिकारी ........ १३

७ सम्पादन गरेका मुख्य मुख्य कामको विवरण ........ १३

७.१ प्रशासन शाखा ........ १३
७.२ विशेषज्ञ सेवा शाखा ........ १४
८ सुचना अधिकारी र प्रमुखको नाम पद ........ १५
९ आर्थिक कारोबार सम्बन्धी आद्यावधिक विवरण ........ १५
९.१. बित्तिय प्रगति प्रतिवेदन २०८१/८२ (दोस्रो चौमासिक): बजेट रु हजारमा ........ १५
९.१ बेरूजु विवरण ........ १८
९.२ राजस्व विवरण ........ १८

## १ कृषि ज्ञान केन्द्रको पृष्ठभूमि

कृषिलाई नै मुख्य पेशाको रुपमा अंगालेका बागलुङ जिल्लाका कृषकहरुलाई आधुनिक र उन्नत कृषि प्रविधि उपलब्ध गराई बहुसंख्यक कृषकहरुको जीवनस्तर माथि उठाउने अभिप्रायले यस जिल्लाको सदरमुकाम बागलुङ बजारमा बि.सं. २०२७ साल अश्विन १ गतेका दिन जिल्ला कृषि विकास कार्यालयको स्थापना भएको हो। यस कार्यालयको स्थापना काल देखि सरकारको कृषि नीति अनुरुप नै यस कार्यालयले यस जिल्लाका कृषकहरुलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सेवा प्रदान गर्दै आएको छ।

गण्डकी प्रदेश सरकार, भूमि व्यवस्था,कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तरगतको कृषि विकास निर्देशनालय अन्तरगत रही कृषि ज्ञान केन्द्रको नाम बाट २०७५/०४/०१ गते स्थापना भई कृषि ज्ञान केन्द्र पर्वतले पर्वत र बागलुङ जिल्लाका कृषकहरुलाई कृषि सम्बन्धी सेवा प्रदान गदै आई रहेको थियो।हाल आ.व. २०७७/७८ मा आएर वि. सं. २०७७/९/२१ गते गण्डकी प्रदेश सरकार, भूमि व्यवस्था,कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तरगतको कृषि विकास निर्देशनालय अन्तरगत रही कृषि ज्ञान केन्द्र, बागलुङको नाम बाट स्थापना भई यस केन्द्रले बागलुङ जिल्लाका कृषकहरुलाई कृषि सम्बन्धी सेवा प्रदान गर्दै आइरहेको छ।

## २ कृषि ज्ञान केन्द्रको कार्य विवरण

१. जिल्लाको कृषि तथ्याङ्क प्रोफाइल तयार तथा अध्यावधिक गर्ने,
२. स्थानिय निकायमा कार्यरत कृषि प्राविधिकहरुलाई तालिम तथा क्षमता अभिबृद्धि,
३. व्यावसायिक किसान, उद्यमी तथा कृषि फर्म संचालनको लागि तालिम तथा क्षमता अभिबृद्धि गर्ने,
४. आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परिक्षण तथा सिफारीस गर्ने ,
५. माटो तथा मल, बिउ तथा वाली संरक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा प्रदान गरिने,
६. संघिय कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्यन तथा सम्पर्क विन्दुको रुपमा कार्य गर्ने,
७. प्रादेशिक कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन,
८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत कमाण्ड क्षेत्रका जोन सुपरजोनको लागि प्राविधिक सेवा गराउने
९.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत कमाण्ड क्षेत्रका पकेट तथा ब्लकको कार्यक्रम संचालन तथा प्रविधिक सेवा उपलब्ध गराउने,

१०. भौगोलिक विविधता अनुसारको प्रथामिकता प्राप्त बाली  वस्तु विकासको योजना मुल्य अभिवृद्धि श्रीङ्खला विकास तथा कार्यन्वयनको समन्वय गर्ने,
११.आर्थिक महत्त्वका स्थानीय कृषि विविधताको पहिचान संरक्षण तथा उपयोग गर्ने,
१२. विभिन्न बाली नालीका रोग किराहरुको पेष्ट म्याप तयार गर्ने,
१३. विभिन्न बालीनाली तथा रोगकिराहरुको संकलन पहिचान तथा संरक्षण गरी संग्राहलयको रुपमा विकास गर्ने,
१४.स्थानिय बाली, रैथाने बाली र लोपोन्मुख तथा उपेक्षित वालीको जर्म प्लाजम संकलन गरी लागि उपलब्ध गराउने सँग सहकार्य गर्ने,
१५.स्थानीय तहका कृषि ईकाईहरुबाट कृषि सम्बन्धी तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने साथै असिना, बाढी, पहिरो जस्ता दैबी प्रकोपको विवरण संकलन गरी तथ्याङ्क प्रादेशिक तथा संघीय तालुक निकायहरुमा पठाउने,
१६.बीउ विषादी तथा मलखाद्य बिक्रेताहरुको अनुमति, नवीकरण तथा अनुगमन गर्ने साथै तिनीहरुको क्षमता अभिबृद्धि गर्ने,
१७.कमाण्ड क्षेत्र भित्र रहेका श्रोत केन्द्रहरु, फलफुल तथा तरकारीको नर्सरीहरुलाई प्राविधिक सेवा प्रदान गर्ने,
१८.कमाण्ड क्षेत्र भित्र रहेका फलफुल तथा तरकारीको नर्सरीहरुको तालुका निकायको समन्वयमा प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा निरोगिताको प्रमाणपत्र उपलब्ध गराउने,
१९.निरोगिताको प्रमाणपत्र बिना बीउ, बेर्ना तथा अन्य रोपण सामाग्रीहरुको ओसारपोसारमा तालुक निकायसँग समन्वय गरी रोक लगाउने,
२०.व्यावसायिक फर्म, बिमा, कृषिजन्य उद्योगमा विद्युतीकरण, विषादी विक्रेता आदीको लागी सिफारिस प्रदान गर्ने,
२१.कमाण्ड क्षेत्र भित्र कृषि उद्यम तथा व्यवसाय संचालन गर्न चाहनेहरुको लागि प्राविधिक तथा व्यवासायिक कार्ययोजना तयार गर्न सहयोग गर्ने,
२२.कृषक वर्गीकरण तथा परिचयपत्र वितरणको लागि स्थानिय सरकारसँग समन्वय तथा सहजीकरण गर्ने,
२३.कृषि स्नातक तथा जे.टी./जे.टि.ए कोर्ष अध्यनरत विधार्थीहरुको लागी इन्टर्सिप कार्यक्रम संचालन गर्ने,
२४. संघीय एंव प्रादेशिक कृषि सम्बन्धी ऐन, नीति, नियम, नियमावली, निर्देशिका सम्बन्धी सरोकारवाला निकायहरुलाई सुसुचित गर्ने गराउने,
२५.    स्थानीय तह अर्न्तरगत नगरपालिका, गाउँपालिका तथा वडाको विस्तृत स्थलगत सर्वेक्षण गरी भुगोल, हावापानी, मोहोडा, कृषि पर्यावरण, माटो परीक्षण तथा परम्परागत बालीनालीको आधारमा कृषिको व्यवसायीकरण लागि आधारभूत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने,
२६.नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वय गरी बाह्य अनुसन्धान स्थलको रुपमा कार्य गर्ने,

२७.संघीय तथा प्रदेशले सरकारले तोकेका अन्य प्राविधिक कार्यहरु गर्ने,
२८.समग्र कृषि विकासको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने,
२९.यस अघि साविक जिल्ला कृषि विकास कार्यालयले प्रतिनिधित्व गर्ने जिल्लास्तरका समितिहरुमा सहभागिता जनाउने,
३०. कृषि विकासमा टेवा पुर्याउने अन्य कामहरु गर्ने,

# ३ कृषि ज्ञान केन्द्रको संगठनात्मक ढाँचा एवमं दरबन्दी विवरण

## ३.१ संगठनात्मक ढाँचा

**गण्डकी प्रदेश सरकार**
**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र, बागलुङ**
**बागलुङ, नेपाल**

**प्रमुख**
(९/१० औं तह कृषि/समुहकृत नहुने)-१

**विशेषज्ञ सेवा शाखा**
कृषि प्रसार अधिकृत (७/८ औं तह कृषि/कृषि प्रसार)-१
बाली संरक्षण अधिकृत (७/८ औं तह कृषि/बाली संरक्षण)-१
प्राविधिक सहायक/अधिकृत (५/६ औं तह कृषि/बागवानी)-१
प्राविधिक सहायक/अधिकृत (५/६ औं तह कृषि/बाली विकास)-१
प्राविधिक सहायक/अधिकृत (५/६ औं तह कृषि/माटो)-१

**योजना शाखा**
कृषि अर्थ विज्ञ (७/८ औं तह, कृषि/एग्.इको)-१
प्राविधिक सहायक/अधिकृत (५/६ औं तह कृषि/बाली संरक्षण)-१

**प्रशासन फाँट**
सहायक (४/५ औं तह/ले.प्र)-२
हलिका सवारी चालक, श्रेणी विहिन-१
कार्यालय सहयोगी श्रेणी विहिन-१

**कुल दरवन्दी संख्या-१२**

## ३.२ दरबन्दी विवरण

| क्र.सं. | पद | तह | दरबन्दी | पदपूर्ति | रिक्त | करार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख | ९/१० औं | १ | १ | | | |
| २. | कृषि अर्थ विज्ञ | ७/८ औं | १ | १ | | | |
| ३. | कृषि प्रसार अधिकृत | ७/८ औं | १ | १ | | | अध्ययन विदामा |
| ५. | बाली संरक्षण अधिकृत | ७/८ औं | १ | १ | | | |
| ७. | वरिष्ठ प्राविधिक सहायक(माटो) | ५/६ औं | १ | १ | | | |
| ८. | प्राविधिक सहायक(वागवानी) | ५/६ औं | १ | १ | | | अध्ययन विदामा |
| ९. | प्राविधिक सहायक (बाली संरक्षण) | ५/६ औं | १ | १ | | | |
| १०. | प्राविधिक सहायक(बाली विकास)/अधिकृत | ५/६ औं | १ | ० | १ | | |
| ११. | लेखापाल | ५/६ औं | १ | १ | | | संघबाट कामकाज |
| १३. | सहायक प्रशासकीय अधिकृत | ५/६ औं | १ | १ | | | |
| १४. | हलुका सवारी चालक | श्रेणीविहिन | १ | १ | | १ | करार |
| १५. | कार्यालय सहयोगी | श्रेणीविहिन | १ | १ | | १ | करार |
| जम्मा | | | १२ | ११ | १ | २ | |

# ४ कर्मचारीहरूको कार्यविवरण

## ४.१ कार्यालय प्रमुख (९/१० औं ) पदको कार्यविवरण

- जिल्लाको सम्भाव्यता, आवश्यकता र माग अनसुार कृषि विकास कार्यक्रमको तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने गराउने।
- आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन सम्बन्धी कार्य सम्पादन गर्ने।
- जिल्ला स्थित सरोकारवाला निकाय र स्थानीय तहसँग समन्वय गर्ने।
- कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरूको सामाधानका लागि आवश्यक कार्य गर्ने।
- कृषकको माग अनुसार बिउ, बेर्ना, मल, विषादी, कृषि यन्त्र तथा उपकरण, कृषि विमा आदी उपलब्ध गराउन प्रवर्धन, अनुगमन, नियमन सम्बन्धि कार्यहरू सञ्चालन गर्ने।
- आधुनिक तथा उन्नत कृषि प्रविधि प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वय गर्ने,
- कार्यालयको आर्थिक प्रशासन सम्बन्धि कार्यहरू गर्ने गराउने।
- कार्यालयको दैनिक प्राविधिक तथा प्रशासनिक कार्यको अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने।

## ४.२ योजना शाखा

### ४.२.१ कृषि अर्थ विज्ञ (७/८ औं, एग्री इको) पदको कार्यविवरण

- सम्बन्धित स्थानिय तह र कार्यालयको विशेषज्ञ सेवा शाखाको समन्वयमा कृषि ज्ञान केन्द्रको बार्षिक कार्यक्रम तर्जूमा गर्ने।
- कृषिको व्यवसायिकरणको लागि आधारभूत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने।
- स्थानीय तहबाट कृषि सम्बन्धी तथ्यांक संकलन गरी जिल्लाको कृषि तथ्यांक अध्यावधिक तथा प्रोफाइल तयार गर्ने।
- असिना, बाढी, पहिरो जस्ता दैबी प्रकोपको विवरण संकलन गरी तथ्यांक प्रादेशिक तालुक निकायहरूमा पठाउने।
- सङ्घिय एवं प्रादेशिक कृषि सम्बन्धी ऐन, नीति, नियम, नियमवाली, निर्देशिका सम्बन्धी सरोकालवाला निकायहरूलाई सुसूचित गर्ने, गराउने।
- समग्र कृषि विकासको सम्बन्धमा प्रदेश र स्थानीय तह बीच पुलको काम गर्न सम्पर्क व्यक्तिको रुपमा काम गर्ने।
- कार्यक्रम कार्यान्वयनको अनुगमन गरी कार्यालयमा प्रतिवेदन पेश गर्ने।
- विभिन्न वाली बस्तुको लाभ लागत तथा आर्थिक विश्लेषण सम्बन्धि कार्यहरू सम्पादन गर्ने।
- कृषि उपज बजारको अनुगमन गरी कृषि उपजको सहज विक्रिवितरणका लागि आवश्यक कार्यहरू सम्पादन गर्ने।
- कृषि उपज बजार पूर्वाधार प्रवर्धन सम्बन्धि कार्य सम्पादन गर्ने।
- सहुलियत दरको कृषि ऋण र कृषिमा विमा प्रवर्धन कार्यको संयोजन गर्ने।
- कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्धबार्षिक र बार्षिक विवरण तयार गर्ने।

### ४.२.२ प्राविधिक सहायक/अधिकृत (५/६ औं, बाली संरक्षण) पदको कार्यविवरण

- कृषि ज्ञान केन्द्रको बार्षिक कार्यक्रम तर्जूमा तथा प्रगति कम्पाईल तथा  तयारी गर्न कृषि अर्थ विज्ञलाई सहयोग गर्ने।
- कृषि सम्बन्धी तथ्यांक संकलन, अध्यावधिक तथा प्रोफाईल तयार गर्न कृषि अर्थ विज्ञलाई सहयोग गर्ने।
- विभिन्न वाली बस्तुको लाभ लागत तथा आर्थिक विश्लेषण सम्बन्धि कार्यहरू सम्पादन गर्न कृषि अर्थ विज्ञलाई सहयोग गर्ने।
- कृषि उपजको पाक्षिक तथा मासिक थोक मूल्य संकलन गर्ने।
- बाली कटानी गरी विभिन्न बालीको उत्पादकत्व सम्बन्धि तथ्यांक तयार गर्न सहयोग पुर्याउने।
- कृषि उपज बजार पूर्वाधार प्रवर्धन सम्बन्धि कार्य सम्पादन तर्न सहयोग पुर्याउने।
- कृषि विमा प्रवर्धन सम्बन्धि कार्यहरू सम्पादन गर्ने।
- कृषि सम्बन्धि फार्म तथा उद्योगमा विद्युत सहज रूपमा पुर्याउन समन्वय गर्ने।

## ४.३ विशेषज्ञ सेवा शाखा

### ४.३.१ कृषि प्रसार अधिकृत (७ /८ औं) पदको कार्यविवरण

- नेपाल कृषि अनुसन्धान परिषद्को समन्वयमा फलफूल, तरकारी, आलंकारिक वस्तु, खाद्यान्न, दलहन र तेलहन बालीका आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परिक्षण तथा सिफारिस सम्बन्धि कार्यहरू सञ्चालन गर्ने।
- उपयूक्त प्रसार विधीको प्रयोग गरी सिफारिस भएका उन्नत कृषि प्रविधि कृषक समक्ष पुर्याउने।
- स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरूलाई तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रमको संयोजन गर्ने।
- ब्यवसायिक किसान, उद्यमी तथा कृषि फर्म संचालकको लागि तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रमको संयोजन गर्ने।
- कृषि यान्त्रिकरण प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- माटो तथा मलखाद व्यवस्थापन सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने। रसायनिक मलको आपूर्ति, भण्डारण र उपयोगको अनुगमन तथा प्रतिवेदन गर्ने।
- साना सिंचाई कार्यक्रमको संयोजक भई कार्यक्रम कार्यान्वयन गर्ने। खेतियोग्य जग्गामा सिंचाईको सुविधा बढाउन जिल्ला स्थित सिंचाई सम्बन्धि कार्यालयसंग समन्वय गर्ने।
- खाद्यान्न, दलहन, र तेलहन बालीखो उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने।
- आर्थिक महत्वका स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने।
- कृषक वर्गीकरण तथा परिचयपत्र वितरणको लागि स्थानीय सरकारसँग समन्वय तथा सहजीकरण गर्ने।
- व्यवसायिक कीट विकास केन्द्रसँग समन्वय गरी च्याउ खेति, रेशम उत्पादन र मौरीपालन प्रवर्धन सम्बन्धि कार्यहरू सञ्चालन गर्ने।

### ४.३.२ बाली संरक्षण अधिकृत (७/८ औं, बाली संरक्षण) पदको कार्यविवरण

- नेपाल कृषि अनुसन्धान परिषद् समन्वयमा आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन एवं परिक्षण सम्बन्धि कार्यहरू सञ्चालन तथा समन्वय गर्ने।
- नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय गरी निर्देशनालय मातहातका कार्यालयहरूलाई नयाँ तथा उन्नत प्रविधि बारे अध्यावधिक गराई प्राविधिक क्षमता र दक्षता अभिबृद्धि गर्ने कार्यमा सहयोग गर्ने।
- कृषक वर्गीकरण तथा परिचयपत्र वितरण कार्यको अनुगमन, समन्वय तथा सहजीकरण गर्ने।
- कृषिको व्यवसायीकरण तथा आधुनिकीकरणको लागि नीतिगत एवं समन्वयात्मक कार्यहरूमा सहयोग गर्ने।
- कृषि उत्पादनका लागि आवश्यक सामाग्रीहरू जस्तै मल, बिउ, कृषि यन्त्र तथा उपकरणको आपूर्ति अवस्थाको नियमित अनुगमन तथा मूल्यांकन गरी कृषि सामाग्रीको उपलब्धता सहज बनाउने सम्बन्धि कार्य गर्ने।
- निर्देशनालय मातहतका कार्यालयहरूबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने।
- कृषि बाली वस्तुमा व्यवसायिकता एवं प्रतिस्पर्धात्मकता प्रवर्द्धन सम्बन्धी कार्यहरूको कार्यान्वयन गर्ने।

### ४.३.३ प्राविधिक सहायक/अधिकृत (५/६ औं, वागवानी) पदको कार्यविवरण

- तरकारी र फलफूल बालीका आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।
- तरकारी बालीको उत्पादन, उत्पादकत्व र व्यवसायि प्रवर्धन सम्बन्धि कार्यक्रमहरू सञ्चालनमा सहयोग गर्ने।
- फलफूल बालीको उत्पादन, उत्पादकत्व र व्यवसायि प्रवर्धन सम्बन्धि कार्यक्रमहरू सञ्चालनमा सहयोग गर्ने।
- बिउ बिक्रेताहरूको अनुमति र नवीकरण सम्बन्धि कार्य सम्पादन गर्ने।
- तरकारी, फलफूल र नगदे बाली खेति सम्बन्धि प्राविधिक सेवा उपलब्ध गराउने।
- फलफूल तथा तरकारीखा नर्सरीको स्थापना तथा सुदृढीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गरी जिल्लालाई आवश्यक विरूवा तथा वेर्नाको व्यवसायिक उत्पादन प्रवर्धन सम्बन्धि कार्य गर्ने।

### ४.३.४ प्राविधिक सहायक/ अधिकृत (५/६ औं, माटो ) पदको कार्यविवरण

- जिल्लामा स्थित प्रयोगशालाको नियमित सञ्चालनमा ल्याई माटो परिक्षण गर्ने।
- जिल्लाका विभिन्न स्थानहरूमा माटो शिविर सञ्चालन गर्ने र स्थानीय प्राविधिकहरूको दक्षता वृद्धी गर्ने।
- किसानहरूमा माटो सम्बन्धी प्राविधिक पृष्ठपोषण गर्ने र माटोलाई स्वस्थ बनाउन आवश्यक सहयोग गर्ने।

## ४.४ प्रशासन शाखा

### ४.४.१ लेखापाल/अधिकृत (५/६ औं, लेखा) पदको कार्यविवरण

- कार्यालयको आर्थिक प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- आयोजना र कार्यक्रमहरूको आवधिक विवरण तथा फाँटवारीहरू तयारी सम्बन्धी कार्य गर्ने,
- कार्यालयबाट सञ्चालन हुने आयोजना र कार्यक्रमहरूको साधारण तथा पूँजिगत बजेट तयारीखा क्रममा योजना शाखासँग समन्वय सम्बन्धी कार्य गर्न,

- जिल्ला स्थित प्रदेश लेखा नियन्त्रकको कार्यालयको ईकाईबाट चालु र पुँजिगत बजेट निकासा लिने, आर्थिक कारोवार गर्ने,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी कार्य गर्ने,
- महालेखापरिक्षकको कार्यालयबाट औंल्याईएका वेरूजु तथा पेश्की फर्छ्यौट सम्बन्धी कार्य गर्ने,

### ४.४.२ सहायक /अधिकृत (५/६ औं, सामन्य प्रशासन/ प्रशासन ) पदको कार्यविवरण

- कार्यालयका कर्मचारीहरूको विदा, काज, सरूवा, लगायतका प्रशासनिक कार्यहरू सम्पादन गर्ने निर्णयका लागि राय साथ पेश गर्ने,
- कार्यालय निरिक्षण, पालो-पहरा, सरसफाई, विद्युत, खानेपानी, सवारी साधनको व्यवस्था आदि कार्यहरू गर्ने गराउने,
- कार्यालयका कर्मचारीहरूको कार्यसम्पादन मुल्यांकन सम्बन्धि सम्पूर्ण काम सम्पन्न गर्न संयोजन गर्ने,
- कार्यालय प्रमुखलाई सामान्य प्रशासन सम्बन्धि कार्यको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी कार्य गर्ने,
- कार्यालयको जिन्सी तथा पुँजिगत सम्पतिको अभिलेख, संरक्षण, सम्बर्धन र सदुपयोग सम्बन्धि कार्यहरू सम्पादन गर्ने।

## ५ कृषि ज्ञान केन्द्रबाट प्रदान गरिने सेवा

| नागरिक वडापत्र | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | प्रदान हुने सेवाको प्रकार/सञ्चालन हुने कार्यक्रम | सेवा लिन सक्ने व्यक्ति/संघ/संस्था | पेश गर्नु पर्ने कागजातहरु | सेवा प्राप्त गर्न लाग्ने समयावधी | सेवा प्राप्त गर्न लाग्ने दस्तुर/शुल्क | सेवा प्रदान गर्ने कर्मचारी तथा शाखा | गुनासो सुन्ने अधिकारी |
| १ | कृषि सम्बन्धि अनुदानमुलक कार्यक्रम | कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनी | कार्यक्रम प्रस्तावना सहितको निवेदन (रु.१० को टिकट टाँस गरेको), नेपाली नागरिकताको प्रमाणपत्र, फर्म/समूह/सहकारी दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN), करचुक्ता, समूह/सहकारीको हकमा बैठकको निर्णय, कार्यक्रम हुने जग्गाको लालपुर्जाको प्रतिलिपि, स्थानीय तह, वडा वा कृषि शाखाको सिफारिस | सूचना प्रकाशनको अवधिमा निवेदन प्राप्त हुनासाथ दर्ता हुने तथा छनोट पश्चात सम्झौता बमोजिम कार्यसम्पन्न भए पश्चात भुक्तानी हुने | निशुल्क | विशेषज्ञ सेवा शाखा | प्रमुख |
| २ | प्रयोगशाला सेवा तथा परामर्श | सेवा लिन चाहाने सबै | निवेदन (रु. १०को टिकट टाँस गरेको) | १५ दिन भित्र | प्रचलित नियमानुसारको शुल्क लाग्ने | विशेषज्ञ सेवा शाखा | प्रमुख |
| ३ | आकस्मिक बाली संरक्षण सेवा तथा परामर्श | सेवा लिन चाहाने सबै | निबेदन (रु. १०को टिकट टाँस गरेको) | सोहि दिन देखी १ हप्ता भित्र | निशुल्क | विशेषज्ञ सेवा शाखा | प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | बीउ विजन विक्री अनुमति-पत्र दर्ता | सम्बन्धित निकायबाट बीउ विजन उत्पादन तथा व्यवस्थापन सम्बन्धित तालिम लिएका नेपाली नागरिक | निवेदन (रु. १०को टिकट टाँस गरेको), सम्बन्धित निकायबाट बीउ विजन उत्पादन तथा व्यवस्थापन सम्बन्धित ३ दिने तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि, , नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र, व्यवसाय दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रतिलिपि | सोहि दिन | दर्ता शुल्क रु. ५०० | विशेषज्ञ सेवा शाखा | प्रमुख |
| ५ | बीउ विजन विक्री अनुमति-पत्र नविकरण | बीउ विजन बिक्री ईजाजत पत्र लिएका व्यक्ति/संस्था | सक्कल ईजाजत पत्र तथा त्यसको प्रतिलिपि, निवेदन (रु. १० को टिकट टाँस गरेको), बार्षिक बीउको कारोबारको विवरण, व्यवसायसँग सम्बन्धित दर्ता, स्थायी लेखा नम्बर (PAN), करचुक्ता आदिको प्रतिलिपि | सोहि दिन | समयावधि सम्म रु. २०० तथा समयावधि सकिएको ९० दिन भित्र अतिरिक्त शुल्क रु. 200 | विशेषज्ञ सेवा शाखा | प्रमुख |
| ६ | बिषादी खुद्रा विक्रेता ईजाजत-पत्र दर्ताको सिफारिस तथा परामर्श | सम्बन्धित निकायबाट विषादी खुद्रा विक्रेता सम्बन्धित ६ दिने तालिम उत्तिर्ण गरेको नेपाली नागरिक | निवेदन (रु. १० को टिकट टाँस गरेको), सम्बन्धित निकायबाट विषादी खुद्रा विक्रेता सम्बन्धित ६ दिने तालिम उत्तिर्ण गरेको लिष्ट तथा प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, व्यवसाय सम्बन्धित प्रमाणपत्र (दर्ता, स्थायी लेखा नम्बर) सम्बन्धित निकायबाट विषादी खुद्रा विक्रेता सम्बन्धित ६ दिने तालिम उत्तिर्ण गरेको लिष्ट तथा प्रमाणपत्रको | सोहि दिन | निशुल्क | विशेषज्ञ सेवा शाखा | प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, व्यवसाय सम्बन्धित प्रमाणपत्र (दर्ता, स्थायी लेखा नम्बर) | | | | |
| ७ | बिषादी खुद्रा विक्रेता नविकरणको लागि सिफारिस तथा परामर्श | विषादी बिक्री ईजाजत पत्र लिएका व्यक्ति/संस्था | निवेदन (रु. १०को टिकट टाँस गरेको), बिषादी खुद्रा विक्रेता इजाजत-पत्रको प्रतिलिपि, व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN), करचुक्ता, नागरिकताको प्रतिलिपि | सोहि दिन | निशुल्क | विशेषज्ञ सेवा शाखा | प्रमुख |
| ८ | बाली विमाको विमा शुल्क (प्रिमियम)मा अनुदानको लागि सिफारिस | कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनी | कृषि बाली बिमालेखाको प्रतिलिपि, बिमितको नागरिकताको प्रतिलिपि, फर्म/ संस्थाको दर्ता सम्बन्धी कागजात, रु. १० को हुलाक टिकट टाँस गरेको निबेदन | सोहि दिन (फिल्ड अनुगमन गर्नु पर्ने भए-१ हप्ता भित्र) | निशुल्क | विशेषज्ञ सेवा शाखा | प्रमुख |
| ९ | कृषि सम्बन्धि तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रम | सेवा लिन चाहाने सबै | तालिम लिन चाहेको विषय र कारण खुलाईएको निवेदन (रु. १०को टिकट टाँस गरेको) | तालिम सम्बन्धित कार्यक्रम सञ्चालन भएको हकमा तालिम मागको आधारमा छनोट हुने | निशुल्क | विशेषज्ञ सेवा शाखा | प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | कृषिसँग सम्बन्धित अन्य प्राविधिक सेवा तथा परामर्श | सेवा लिन चाहाने सबै | मौखिक, लिखित निवेदन निवेदन (रु. १०को टिकट टाँस गरेको), टेलिफोनको माध्यमबाट | सोहि दिन | निशुल्क | विशेषज्ञ सेवा शाखा | प्रमुख |
| ११ | कृषि योजना तथा तथ्याङ्क सम्बन्धि विवरण | सेवा लिन चाहाने सबै | मौखिक तथा लिखित आधिकारिक पत्र (रु. १० को टिकट टाँस गरेको) | सोहि दिन देखि १५ दिन भित्र | निशुल्क | कृषि अर्थ विज्ञ/योजना शाखा | प्रमुख |

**गुनासो सुन्ने अधिकारीः श्री राजेश्वर सिलवाल, केन्द्र प्रमुख (नबौं तह), कृषि ज्ञान केन्द्र, बागलुङ**

**सुचना अधिकारीः श्री सन्तोष अधिकारी , बाली संरक्षण अधिकृत (सातौं तह), कृषि ज्ञान केन्द्र, बागलुङ**

## ६ कृषि ज्ञान केन्द्र, बागलुङको शाखा र जिम्मेवार अधिकारी

| क्र.स. | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | विशेषज्ञ शाखा | सन्तोष अधिकारी/जमुना भण्डारी |
| २ | योजना शाखा | प्रतिभा शर्मा / निर्मल सापकोटा |
| ३ | प्रशासन फाँट | रीता राना पुन |
| ४ | लेखा फाँट | संजय रेग्मी |

## ७ सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

### ७.१ प्रशासन शाखा

- विभिन्न निकायबाट विविध विषयमा सिफारिसका लागि अनुरोध भई आएका पत्र सम्बन्धित मन्त्रालय/निकायमा सिफारिस गरी पठाइएको।
- कार्यालयको खरिद इकाई समिति गठन गरिएको।
- विनियोजन राजश्व तथा खर्चको लेखाङ्कन गरेको।
- आ.ले.प, म.ले.प गराइएको र बेरूजु शुन्य रहेको।

| क्र.स. | सम्पादित कार्यक्रम | विवरण |
|---|---|---|
| १ | सुचना प्रकाशन | प्रादेशिक कार्यक्रम सञ्चालनको लागि बिभिन्न मितिमा सूचना प्रकाशन गरिएको। |

## ७.२ विशेषज्ञ सेवा शाखा

- कार्यक्रमको सार्वजनिकिकरण,
- स्थानिय तहका कृषि प्राविधिकसँगको बैठक (पहिलो र दोस्रो बैठक सम्पन्न),
- कार्यक्रमको सूचना प्रकाशन र आवेदन संकलन,
- रासायनिक मलको कोटा निर्धारण बैठक सम्पन्न,
- फिल्ड भेरिफिकेशन तथा गत आ.व. कार्यक्रमको अनुगमन तथा पृष्ठपोषण
- हिउँदे खायन आलु प्रवर्धन कार्यक्रम कार्यान्वयनका लागि अनुदानग्राही छनौट गरि सम्झौता कार्य सम्पन्न,
- खायन आलु प्रवर्धन आयोजनाको अभिमुखिकरण कार्यक्रम सम्पन्न
- स्थानिय स्तरमा कृषि सिविर सञ्चालन (१ वटा बाली संरक्षण शिबिर सम्पन्न), समस्या समाधान तथा प्राविधिक पृष्ठपोषणका लागी Technical Group Monitoring,
- स्थानिय स्तरमा कार्यरत प्रा.स./ना.प्रा.स. हरूको क्षमता अभिबृद्धि तालिम सम्पन्न,
- तीज गीत प्रतियोगीता सम्पन्न,
- बालि विषेश स्थलगत तालिम सम्पन्न- १६ महिला ११ पुरुष ३ दलित २४ जनजातीको सहभागीतामा निसिखोला गा.पा-६ मा सम्रपन्नन
- तरकारी खेति सम्बन्धी स्थलगत तालिम सेवाटेवा सहित सम्पन्न- १८ महिला ७ पुरूष ३ दलित २१ जनजाती १ अन्यको सहभागीतामा ताराखोला गा.पा. -१ मा सम्पन्न।
- बाली विषेश स्थलगत तालिम सेवाटेवा सहित- जैमिनी न.पा.-१, कुश्मिसेरा मा सम्पन्न- मुख्य उपलबधि- धान बाली सम्बन्धि रोग र किराको पहिचान, लक्षण र क्षति बारे जानकारी, बालीको क्षति न्युनिकरणको लागि बाली संरक्षण सामग्री वितरण बिषादीको बर्गिकरणबारे छलफल र हानिकारक बिषादीको पहिचान (कृषि शिबिर संचालन)
- बाली उपचार शिबिर संचलान- जैमिनी न.पा.-२, बनौं डाँडागाउँ, बाग्लुंग- वाली उपचार शिबिर बारे सामान्य जानकारी, बाली अनुसारका रोग र किराको पहिचान, लक्षण र क्षति बारे जानकारी किसानद्वारा ल्याइएको रोग र किराले क्षति पुर्यएका नमुना माथि चेक जाँच

## ८ सुचना अधिकारी र प्रमुखको नाम पद

**सुचना अधिकारीः**

नामः सन्तोष अधिकारी

पदः बाली संरक्षण अधिकृत (अधिकृतस्तर सातौं)

सम्पर्क नः ९८५७६६०२९०

इमेल ठेगानाः akcbaglung77@gmail.com

**प्रमुखः**

नामः राजेश्वर सिलवाल

पदः प्रमुख (अधिकृतस्तर नवौ)

सम्पर्क नः ९८५७६६५९७८

इमेल ठेगानाः akcbaglung77@gmail.com

## ९ आर्थिक कारोबार सम्बन्धी आद्यावधिक विवरण

### ९.१. बित्तिय प्रगति प्रतिवेदन २०८१/८२ (दोस्रो चौमासिक): बजेट रु हजारमा

**<u>कृषि ज्ञान केन्द्र, बागलुङ को कुल विनियोजित बजेट</u>**

| क्र.सं. | बजेट विवरण | | प्रदेश जम्मा | कृषि विभाग | PMAMP | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | दोस्रो त्रैमासिक | पुँजीगत | ० | ० | ० | ० |
| | | चालु | १८३७३ | ० | ० | १८३७३ |
| | | जम्मा | १८३७३ | ० | ० | १८३७३ |
| २. | वार्षिक | पुँजीगत | २७०० | ० | ० | २७०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | चालु(बिषेश अनुदान सहित) | ६८०७६ | ९५ | ० | ६८१७१ |
| | | जम्मा | ७०७७६ | ९५ | ० | ७०८७१ |

**दोस्रो त्रैमासिकसम्मको प्रगति विवरण (प्रदेश)**

| बजेट | | विनियोजन | खर्च | वित्तीय प्रगति% | भारित प्रगति % |
|---|---|---|---|---|---|
| दोस्रो त्रैमासिक | पुँजीगत | ० | ० | ० | ० |
| | चालु | १८३७३ | ३७२४ | २०.२६ | ३०.३ |
| | जम्मा | १८३७३ | ३७२४ | २०.२६ | ३०.३ |
| हालसम्म (अर्ध वार्षिक) | पुँजीगत | २७०० | २५९४ | ९६.०७ | ९८ |
| | चालु | २६५१८ | ७८६५ | २९.६५ | ३७.६ |
| | जम्मा | २९२१८ | १०४५९ | ३५.७९ | ४२ |

**दोस्रो त्रैमासिकसम्मको प्रगति विवरण (संघ, PMAMP सहित)**

| बजेट | | विनियोजन | खर्च | वित्तीय प्रगति% | भारित प्रगति % |
|---|---|---|---|---|---|
| दोस्रो त्रैमासिक | पुँजीगत | ० | ० | ० | ० |
| | चालु | १८३७३ | ३७२४ | २०.२६ | ३०.३ |
| | जम्मा | १८३७३ | ३७२४ | २०.२६ | ३०.३ |
| हालसम्म (अर्ध वार्षिक) | पुँजीगत | २७०० | २५९४ | ९६.०७ | ९८ |
| | चालु | २६५१८ | ७८६५ | २९.६५ | ३७.६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | २९२१८ | १०४५९ | ३५.७९ | ४२ |

आ.व.२०८१/८२ को स्वीकृत वार्षिक विनियोजित बजेट र खर्च

| क्र.सं. | कम्पोनेन्टको विवरण | विनियोजन | खर्च | वित्तिय प्रगति प्रतिशत | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १. | प्रशासनिक पुँजीगत सम्बन्धी कार्यक्रमहरू | २७०० | २५९४ | ९६.०७ | ९८ |
| २. | चालु प्रशासनिक खर्च | १४७५० | २७१९ | १८.४३ | २५ |
| ३. | चालु कार्यक्रम खर्च | ४५१८५ | ११०३ | २.४४ | १५ |
| ३.१. | कृषि प्रसार तथा तालिम आयोजना | २६९० | ७६०.४ | २८.२६ | ७०.५८ |
| ३.२ | सामुदायस्तरमा प्रशोधन/खायन आलु प्रवर्द्धन आयोजना | १४९०० | १८६.९ | २.६२ | ३.२२ |
| ३.४ | सुन्तालाजात फलफूल विकास आयोजना | ९३०० | ० | ० | ० |
| ३.५ | तरकारी बाली प्रवर्द्धन आयोजना | ३७९० | ३० | २.७७ | २५ |
| ३.६ | खाद्यान्न बाली प्रवर्द्धन आयोजना | ३७४० | ४० | १.०६ | २३.०७ |
| ३.७ | फलफूलबाली विकास आयोजना | २१०० | ० | ० | ० |
| ३.८ | कृषि तथ्याङ्क तथा बजार विकास आयोजना | ९४० | ७६.२ | ८.१० | ८.१० |
| ३.९ | बीउ उत्पादन प्रवर्द्धन आयोजना | ८२५ | ९.४५ | १.१४ | ३३.३३ |
| ३.१० | मसला तथा निर्यातयोग्य बाली प्रवर्द्धन आयोजना | ८०० | ० | ० | ० |
| ३.११ | रैथाने बाली प्रवर्द्धन आयोजना | १४०० | ० | ० | ० |
| ३.१२ | जलबायुमैत्री प्रविधि प्रवर्द्धन कार्यक्रम | १००० | ० | ० | ० |
| ३.१३ | पोषण सुरक्षा कार्यक्रम | ४००० | ० | ० | ० |

## ९.१ बेरूजु विवरण

| बेरुजु विवरणःआ.व. २०८१/८२ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **कार्यालयको नाम र ठेगाना :कृषि ज्ञान केन्द्र, बागलुङ।** | | | | | | | | |
| क्र.सं. | बेरुजुको किसिम | आ.व.२०७९/८० भन्दा पहिलेको जम्मा बेरुजू रु | आ.व.२०७९/८० को मात्र जम्मा बेरुजू | जम्मा बेरुजू हालसम्मको | चालु आ.व. २०८१/८२मा फछ्र्यौट भएको रु. | फछ्यौंट हुन बाँकी | फछौंट प्रतिशत | कैफियत |
| १ | नियमित गर्नु पर्ने | ० | 0 | 0 | 0 | | 0 | |
| २ | असुली गर्नु पर्ने | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ३ | पेश्की बाकी | ३५००० | 0 | ३५००० | 0 | 0 | 0 | प्रक्रियामा गेरको |
| जम्मा | | ३५००० | 0 | ३५००० | 0 | 0 | 0 | |

## ९.२ राजस्व विवरण

| क्र.सं. | प्रथम चैमासिक मात्र | द्वितीय चैमासिक मात्र | जम्मा (रु.) |
|---|---|---|---|
| १ | रु. ० | रु. १००० | रु. १००० |